नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक २१२ | २०७९ साल चैत ११ गते शनिबार | (25 Mar. 2023 Saturday) | मूल्य रु. ५/-



**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**



***Log in : rajbirajdainik.com.np***



*यस अंक भित्र :* २ पृष्ठमा : अबको जोखिम : आगलागी,.. ३ पृष्ठमा : हिमाल र पहाड खाली हुँदै, तराईमा ... ३ पृष्ठमाड्रोन आक्रमणमा अमेरिकी..


# दाईजोका कारण श्रीमतीलाई घर निकालासम्म गरेको कसुरमा श्रीमान पुर्पक्षका लागी कारागार चलान

**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

दाईजोका नाममा श्रीमान्‌संगै परिवारका अन्य सदस्यले शारिरीक र मानसिक यातना, कुटपिट, गर्भपतन, खान लगाउन नदिने र घर निकाला सम्मको कसुर गरेको भन्दै सप्तरी जिल्ला अदालतले राजविराजका एक युवकलाई पुर्पक्षका लागी कारागार पठाउने आदेश दिएको छ ।



पीडित आरतीकुमारी दास



पुर्पक्षका लागि कारागार चलान भएका नवीनकुमार दास

मुख्य न्यायाधिश हेमन्त रावलको एकल इजलासले राजविराज ३ निवासी ३० वर्षिय नवीनकुमार दासलाई पुर्पक्षका लागी कारागार पठाउने आदेश दिएको हो ।

दास विरुद्ध परेको विवाह सम्बन्धि कसुर र गर्भपतन मुद्दामा थुनछेक बहस पछी शुक्रवार कारागारमा पठाउने आदेश जारी गरे लगतै प्रहरीले उनलाई राजविराज कारागार चलान गरेको छ ।

उनको श्रीमती २३ वर्षिया आरती कुमारी दास न्यायका लागी अदालतको शरणमा पुगेकी थिईन । यस अघि घरेलु हिंसाको मुद्दामा समेत जिल्ला अदालतले आरतीको पक्षमा संरक्षनात्मक आदेश जारी गरेको थियो ।

तीन घण्टा लामो थुनछेक वहसमा पीडित महिला आरतीका तर्फबाट प्रदेश सभासदस्य समेत रहेकी अधिवक्ता किरण कुमारी साह, केशव दास लगायत ५ जना कानुन व्यवसायीले बहस गरेका थिए । अधिवक्ता साहले पीडित महिला आरतीलाई न्याय दिलाउन गरेको प्रयासमा न्यायमुर्ती रावलले गरेको फैसलाले न्याय र अदालत प्रतिको आस्था र विश्वास मजवुत बनाउने काम गरेको बताईन ।

मुद्दामा विपक्षी बनाइएका सासु, ससुरा र नन्दलाई समेत मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा ५७ बमोजिम पक्राउ पुर्जी जारी गरी कारवाही सजायको माग गरिएको छ । हाल उनीहरु फरार रहेको बताइएको छ ।

आदेशमा आरतीलाई निज बसी आएको घरमा बसोबास गर्न दिनु, खान लाउन दिनु तथा कुटपिट र गाली बेइजत नगर्नु भनिएको थियो । त्यती बेला पनि घर प्रवेश गराउन खोज्दा परिवारजनले घरको मुल गेटमा भित्र पट्टीबाट ताला लगाएर बसेका थिए । पटक पटक आग्रह गर्दा पनि ढोका न खोलेपछी कानून व्यवसायी, संचारकर्मी, जनप्रतिनीधी, प्रहरी र स्थानीय भरभलादमीले बाहिरबाट सिढी लगाएर आरतीलाई घरको कम्पाउण्ड भित्र छिराएको थियो ।

तर, अदालतको आदेशको पालना नगरी श्रीमान नविन, सासु, ससुरा, नन्द र परिवारका अन्य सदस्यहरु मिली फेरी त्यस्तै प्रकृतिको व्यवहार दोहऱ्याउन थालेको भन्दै आरती पुनःअदालतको शरणमा पुगेकी थिइन ।

उनले अदालतमा पेश गरेको विवाह सम्बन्धि कसुर र गर्भपतन सम्बन्धि मुद्दामा थप ५० लाख दाईजो माईतबाट लिई आउन


*बाँकी दुई पृष्ठमा*


# बालिका र बृद्धद्वारा विषादी सेवन

**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

सप्तरीमा एकै दिन एक बालिका र अर्का बृद्धले विषादी सेवन गरि आत्महत्याको प्रयास गरेका छन् ।

जिल्लाको राजगढ गाउँपालिका ६ इनर्वा बस्ने १२ वर्षिया कल्पना यादवले बिहीबार फिनिले प्लस र कोलिन नामक बिषादीहरु सेवन गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै जिल्लाको तिरहुत गाउँपालिका ५ सदा टोल बस्ने ५८ वर्षिय सुकदेव सदाले नाम नखुलेको विषादी सेवन गरेका छन् ।

हाल दुवै जनाको गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा उपचार भईरहेको तथा दुबै घटना बारे थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# आगलागिमा घर नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १२ स्थित एक घरमा बिहीबार अचानक आगलागि हुँदा घरसहित सम्पूर्ण सामान जलेर नष्ट भएको छ ।

स्थानिय नुनु खाँन र सफित खाँनको घर जलेको प्रहरीले जनाएको छ । उनीहरु बस्दै आएको तीन कोठाको बास र खरले छाएको घरसहित सम्पूर्ण सामान जलेर नष्ट हुँदा ७० हजार बाराबरको क्षति भएको प्रहरीको अनुमान छ ।

उक्त आगो स्थानियवासी, हनुमाननर नगरपालिकाको दमकल र प्रहरीको सहयोगमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# इँटाभट्टाको पर्खाल भत्किँदा एक महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, १० चैत ।**


सिरहामा इँटाभट्टाको पर्खाल भत्किएर एक महिलाको मृत्यु भएको छ । अन्य दुईजना घाइते भएका छन् ।

गोलबजार नगरपालिका–८ स्थित सगुन इँटा उद्योगको पर्खालले किच्दा भारतको पश्चिम बङ्गाल राज्यकी महिमा वीवीको शुक्रबार बिहान मृत्यु भएको हो ।

इँटाभट्टामा पोलेको इँटा निकाल्ने क्रममा भट्टिको पर्खाल भत्किएर किच्दा घाइते भएकी उनको उपचारका लागि लहान लैजाने क्रममा बाटैमा मृत्यु भएको इलाका प्रहरी कार्यालय गोलबजारले जनाएको छ । घाइते ३५ वर्षीया बवी वीवी र ४० वर्षीया ममता वीवीको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ । उनीहरूको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

# तोकेको भन्दा बढी शुल्क लिएको भन्दै विद्यार्थीद्वारा प्रदर्शन





नेपाल सरकार
... शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शिक्षा विकास तथा समन्वय इकाई,
सप्तरी

मिति : २०७९ ... 

च.नं. ५०६

विषय : आवश्यक कार्यान्वयन सम्बन्धमा ।

श्री के अ मा.वि. राजविराज -०२,
सप्तरी ।

प्रस्तुत विषयमा राजविराज नगरपालिका वडा नं. ०९ निवासी ... मिति २०७९।१२।०९ ... कक्षा ०९ मा भर्ना गरेको रजिष्ट्रेशन फाराम वापतको ... शुल्क रु. ५००।- (पाँच सय) उठाउने गरेको दावी भई आएकोले परीक्षा नियन्त्रक कार्यालयको ... सूचना बमोजिम प्रति विद्यार्थीले फाराम वापत रु. ३००।- भन्दा बढी शुल्क ... गराउनु हुन अनुरोध छ । ... रकम लिएको भए बढी रकम सम्बन्ध पक्षलाई तत्काल फिर्ता गर्नु हुन समेत ... गराइन्छ ।

राजदेव यादव
नि. ईकाई प्रमुख

बोधार्थ :
श्री राजविराज नगरपालिका, सप्तरी ।

अनिरुद्धवति माध्यमिक विद्यालयका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुले रजिष्ट्रेशन फारम वापत मनपरी शुल्क असुली गरेको भन्दै प्रदर्शन गरेका हुन् ।

उनीहरुले बढी लिइएको


*बाँकी दुई पृष्ठमा*


**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

सरकारले तोकेको भन्दा दोब्बर तेब्बर शुल्क लिएको भन्दै शुक्रबार राजविराजमा विद्यार्थीहरुले विरोध प्रदर्शन गरेका छन् ।

राजविराजस्थित श्री केशो


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

# नेपालमा ३२ हजार क्षयरोगी उपचारबाट वञ्चित

काठमाडौँ, १० चैत (रासस)।

नेपालसहित विश्वभर शुक्रबार विश्व क्षयरोग दिवस मनाइँदै छ। 'हो ! हामी क्षयरोग अन्त्य गर्छौं' मूल नाराका साथ विश्व क्षयरोग दिवस मनाउन लागिएको छ।

नेपालमा वर्षेनी नयाँ क्षयरोगका ६९ हजार बिरामी भेटिने गरेका छन्। हरेक वर्ष १७ हजार व्यक्तिको क्षयरोगका कारण निधन हुने गरेको राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका निमित्त निर्देशक नवीनप्रकाश शाहले जानकारी दिनुभयो। नियमित औषधि खाए रोग निको हुने उहाँ बताउनुहुन्छ। आर्थिक वर्ष २०७८/७९ मा नेपालमा ३७ हजार आठ सय ६१ विश्व क्षयरोगका बिरामीको उपचार हुने गरेकामा ९१ दशमलव पाँच प्रतिशत बिरामी निको हुने गरेका छन्। क्षयरोगीमध्ये ६१ दशमलव छ प्रतिशत पुरुष, ३८ दशमलव चार प्रतिशत महिला र आठ दशमलव सात प्रतिशत (१५ वर्षभन्दा मुनिका बालबालिका) रहेका छन्।

केन्द्रका निर्देशक डा शाहले वार्षिक करिब ३२ हजार क्षयरोगका बिरामी उपचारभन्दा बाहिर रहेको बताउनुभयो। "झण्डै ३२ हजार क्षयरोगका बिरामीलाई उपचारको दायरामा ल्याउन सकिएको छैन। यो एक चुनौतीको रुपमा रहेको छ", उहाँले भन्नुभयो।

नेपालमा औषधि प्रतिरोधी क्षयरोगका अनुमानित बिरामीको सङ्ख्या करिब दुई हजार आठ सय रहेको छ। यो सङ्ख्या नेपालको कूल जनसङ्ख्याको अनुपातमा अत्यन्त धेरै हो। विश्व स्वास्थ्य सङ्गठनले सन् २०२१ देखि नेपाललाई औषधि प्रतिरोधी क्षयरोगको उच्च प्रकोप भएका ३० देशको सूचीमा समावेश गरेको छ।

आव २०७८/७९ मा राष्ट्रिय क्षयरोग कार्यक्रममा नौ सय ४२ जनामा औषधि प्रतिरोधी क्षयरोग पहिचान भएको थियो भने छ सय ५९ जना मात्र उपचारमा थिए। विश्व स्वास्थ्य सङ्गठनको वार्षिक प्रतिवेदन २०२२ अनुसार सन् २०२१ मा संसारभरि ६० लाख पुरुष, ३४ लाख महिला र १२ लाख बालबालिका गरी एक करोड छ लाख मानिस क्षयरोगबाट ग्रसित हुने गरेका छन्। सन् २०२१ मा करिब १६ लाखको क्षयरोगका कारण विश्वभरि मृत्यु भएको थियो।

नेपाल सरकारले आगामी आव २०८२/८३ सम्म क्षयरोग अन्त्य गर्ने लक्ष्य लिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले क्षयरोग अन्त्यका रणनीतिलाई निर्देशक सिद्धान्त मानी पञ्चवर्षीय रणनीतिक योजना २०७८/७९-२०८२/८३ तयार गरी कार्यान्वयनमा ल्याएको छ।

रणनीतिक योजनाले गुणस्तरीय क्षयरोग सेवाको विस्तार, देशका विभिन्न स्थानमा क्षयरोग प्रेषक प्रयोगशालाको स्थापना, माइक्रोस्कोपिक केन्द्रको विस्तार, केन्द्रीयस्तरमा निर्माण सम्पन्न भएका छातीरोग अस्पतालको सञ्चालन, सातवटै प्रदेशमा क्षयरोग उपचार केन्द्र स्थापना र क्षयरोग रोकथाम तथा उपचार सेवाको विस्तारलगायत छन्।

केन्द्रका निर्देशक डा शाहले स्थानीय तहमा क्षयरोग मुक्त अभियान सञ्चालन गरी नेपाललाई क्षयरोग मुक्त बनाइने बताउनुभयो। आव २०७८/७९ मा २५ स्थानीय तहमा क्षयरोग मुक्त अभियान सञ्चालन गरिएको थियो। चालु आवमामा एक सय स्थानीय तहमा क्षयरोग मुक्त अभियान सञ्चालन भइरहेको छ। आगामी चार वर्षभित्र सात सय ५३ स्थानीय तहमै अभियान सञ्चालन गर्ने लक्ष्य छ।

राष्ट्रिय क्षयरोग कार्यक्रमअन्तर्गत आठ सय ९६ माइक्रोस्कोपिक केन्द्र, ९३ जिनएक्सपर्ट केन्द्र, पाँच हजार नौ सय ७१ डट्स केन्द्र, २२ डिआर उपचार केन्द्र र ८१ डिआर उपकेन्द्रबाट क्षयरोगको उपचार सरकारले गरिरहेको छ।

# अबको जोखिम : आगलागी, डढेलो, हावाहुरी र चटचाङ

काठमाडौँ, १० चैत (रासस)।

भर्खरै सुरु भएको चैतमास, पछिल्लो साताको वर्षा छाडेर भन्ने हो भने सुक्खायाम छ। यसपटकको हिउँदमा राम्ररी वर्षा भएको छैन। त्यसैले अबको दुई महिना आगलागी, डढेलो, चटचाङ र हावाहुरीको उच्च जोखिम छ।

पछिल्लो साता मुलुकभर वर्षा भएकाले आगलागीको कम केही रोकिएको छ। अब वर्षा रोकिनेबित्तिकै आगलागी ह्वात्तै बढ्ने यस क्षेत्रका विज्ञहरूले बताएका छन्। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यो समयमा सबैभन्दा बढी आगलागी र डढेलोले क्षति पुऱ्याउने भएकाले विशेष सावधानी अपनाउनुपर्नेमा जोड दिइएको छ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल पछिल्लो एक दशकको तथ्याङ्क हेर्ने हो भने आगलागीको दर बढ्दै गएको र त्यसले पुऱ्याउने क्षतिसमेत बढिरहेको बताउनुहुन्छ। "अझ पछिल्लो पाँच वर्षको तुलना गर्दा आगलागीको ग्राफ गुणाङ्कले बढेको छ", पोखरेलले भन्नुभयो, "यो बेला विशेष सावधानी अपनाउनुपर्छ, स्थानीय तहलगायत सरोकारवाला निकायले त्यसको न्यूनीकरणका लागि पूर्वतयारी तथा आगलागी भइहालेको खण्डमा नियन्त्रणका लागि आवश्यक तयारी गर्ने बेला हो।"

प्राधिकरणका अनुसार बुधबार मात्रै १८ विपद्जन्य घटना भएका थिए। त्यसमध्ये १६ घटना आगलागी, हावाहुरी चटचाङ र डढेलोका छन्। गत वैशाखदेखिचार हजार ४८ वटा विपद्जन्य घटना भएकामध्ये सबैभन्दा बढी दुई हजार छ सय १३ घटना आगलागीका छन्। उक्त आगलागीमा परेर एक सय दुई जनाको मृत्यु भएको छ भने तीन सय ५२ जना घाइते भएको तथ्याङ्क प्राधिकरणसँग छ।

आगलागीबाट मानवीय क्षतिका साथै भौतिक क्षति पनि ठूलोमात्रामा हुने गरेको छ। ती घटनामा रू दुई अर्ब ३० करोड बढीको क्षति भएको छ। तीन हजारभन्दा बढी परिवार प्रभावित भएका छन्। यस्तै हुरीबतासका एक सय घटना हुँदा १० जनाको मृत्यु भएको छ भने डढेलोका एक सय ३४ घटनामा एक जनाले ज्यान गुमाएका छन्। चटचाङका दुई सय ३६ घटनामा ८० जनाको मृत्यु भएको प्राधिकरणले जनाएको छ।

प्राधिकरणका आगलागीविज्ञ सुन्दर शर्मालेयी तथ्याङ्कले पनि आगलागीको दर अत्यधिक रहेको र बढी भौतिक क्षति आगलागीका कारण हुने गरेको बताउनुभयो। "सबै विपद्जन्य घटनालाई विश्लेषण गर्दा त्यसको ९० प्रतिशत भौतिक क्षति आगलागीका कारण भएको छ। हालसम्म नेपालमा आगलागी नियन्त्रणमा खटिने अग्रफोर्स भनेको नेपालका सुरक्षाकर्मी हो", उहाँले भन्नुभयो। शर्मालेसुरक्षाकर्मी बाहेकका तालिमप्राप्त दस्ता नेपालमा नभएको उल्लेख गर्नुभयो।

पछिल्लो समय सरकारले स्वयंसेवक ब्यूरोको अवधारणा ल्याएपछि सोही आधारमा राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले स्वयंसेवी तयार पार्नलागेको प्राधिकरणका कार्यकारी प्रमुख पोखरेलले बताउनुभयो।

उहाँका अनुसार अहिलेस्वयंसेवीलाई तालिम दिने काम भइरहेको छ। मकवानपुरमा तालिम चलिरहेको छ। नमूनाका रूपमा विपद्का समयमा स्वयंसेवा गर्न इच्छुक व्यक्तिका लागि अनलाइनबाटै फारम भर्ने व्यवस्था गरिएको छ। पहिलो चरणमा रेडक्रसमा आवद्ध एक लाखलाई स्वयंसेवामा जोड्दै तालिमसुरु गरिएको प्राधिकरणले जनाएको छ। स्थानीय तहको मातहतमा रहने गरी ती स्वयंसेवीलाई विपद्का बेला परिचालन गर्न सकिने छ।

प्राधिकरणले आगलागी, हावाहुरी, चटचाङ र डढेलो न्यूनीकरण तथा नियन्त्रणका लागि आवश्यक तयारीसमेत थालेको जनाएको छ। यसका लागि आवश्यक तालिम, प्रशिक्षण यन्त्र, उपकरण व्यवस्थापनलगायतको काम जारी रहेको प्राधिकरणका प्रमुख पोखरेलको भनाइ छ।

हालै प्राधिकरणले सिंहदरबारमा आगलागी नियन्त्रणका लागि उपयुक्त हुने 'फायर फाइटिङ पम्प'को सफल अभ्यास गरेर देखाएको थियो। यस्ता यन्त्रको सही तरिकाले प्रयोग गरे दमकल नपुग्ने स्थानमा स्थानीय तहले सजिलै आगलागी नियन्त्रण गर्न सक्ने प्राधिकरणले जनाएको छ। 'फायर फाइटिङ पम्प'को मूल्य रू एक लाख मात्रै पर्ने भएकाले हरेक स्थानीय तहले उक्त उपकरण व्यवस्थापन गर्न सक्ने उहाँले बताउनुभयो।

**अधिकांश आगलागी मानवीय कारण**

प्राधिकरणका आगलागीविज्ञ सुन्दर शर्मा अधिकांश आगलागीका घटना मानवीय कारणले हुने गरेको बताउनुहुन्छ। उहाँका अनुसार ६४ प्रतिशत आगलागी मानिसले जानीजानी लगाउने गरेका छन्। बत्तीस प्रतिशत चुरोटको ठुटा फ्याँक्नेलगायत हेल्चेक्र्याइँका कारण हुने गरेको छ।

हरेक वर्ष डढेलो निभाउन जाँदा औसत सात जनाको मृत्यु हुने गरेको उहाँले जानकारी दिनुभयो। औषतमा वार्षिक ८० घर आगालगीबाट जल्ने गरेका छन्। आगलागीले मानवीय र भौतिक सम्पत्तिका साथै जैविक विविधतामा ठूलो क्षति पुऱ्याए पनि यसतर्फ धेरैको ध्यान नपुगेको विज्ञ शर्मा बताउनुहुन्छ। उहाँका अनुसार आगलागी नियन्त्रणका लागि सरकारबाट समेत ध्यान नढ्ढ पुगेकाले बजेटको अभाव हुने गरेको छ। शर्माले पछिल्लो समय आगलागीको प्रकृति फरक हुँदै गएकाले 'एरियल फायर फाइटर'को जरुरी रहेको बताउनुभयो। उहाँले वैशाखमा बढी आगलागी हुने भएकाले शुक्रबारैदेखि सचेत हुनुपर्ने भन्दै आवश्यक तयारीमा जुट्न सबैलाई अनुरोध पनि गर्नुभएको छ।

## तोकेको भन्दा ...

शुल्क फिर्ता तथा सोको छानबिन गरी दोषीमाथि कार्वाहीको माग गर्दै कार्यवाहक नगरप्रमुख ईसरत प्रवीणलाई ज्ञापनपत्र समेत बुझाएका छन्।

ज्ञापनपत्रमा परिक्षा नियन्त्रण कार्यालयले रजिष्ट्रेशन फारम वापत शुल्क ३ सय रुपैयाँ तोकेपनि विद्यार्थीहरुबाट ५ सयका दरले असुल गरिएको र सो वापतको रसिद समेत नदिएको उल्लेख छ।

ज्ञापनपत्र बुझ्दै कार्यवाहक नगरप्रमुख प्रवीणलले तत्कालै सो विद्यालयका प्रधानाध्यापक भोगेन्द्र प्रसाद यादवलाई बोलाएर सो बारे सोधपुछ गरेका थिए। उनले विद्यार्थीको सहमति बेगर लिएको बढी रकम तत्काल फिर्ता गर्न निर्देशन समेत दिएकी छिन्।

यता विद्यार्थी राकेश यादवले राजविराजस्थित राजदेवी माध्यमिक विद्यालय र जनता मेमोरियल माध्यमिक विद्यालय समेतले रजिष्ट्रेशन फारम शुल्कको नाउँमा विद्यार्थीहरुबाट ५ सयदेखि १ हजार रुपैयाँसम्म विद्यालय प्रशासनले असुल गरिरहेको गुनासो पोखे।

शिक्षा विकास तथा समन्वय ईकाई सप्तरीका निमित्त प्रमुख राजदेव यादवले विद्यार्थीहरुको गुनासो आएपछि शुक्रवार नै सम्बन्धित विद्यालयलाई तीन सय भन्दा बढी शुल्क नलिन तथा बढी लिएको भए सो रकम तत्काल फिर्ता गर्न निर्देशन सहितको पत्राचार गरिएको जनाएका छन्।

## दाईजोका कारण ...

परिवारजनले दवाव दिन थालेको र इन्कार गर्दा गर्भवती अवस्थामा समेत खान लाउन नदिई कुटपिट गरेपछी २ महिना २ दिनको गर्भ समेत तुहिएको उल्लेख गरेकी छिन। गर्भ तुहिएको सम्बन्धि मेडिकल रिपोर्ट पनि पेश गरेकी उनले दाईजोका लागी पटक पटक शारिरीक र मानसकि यातना मात्र होइन। घरमा खान लाउन पनि नदिदाँ कतिपय दिन भोक भोकै बस्नु परेको त कतिपय दिन माइतीबाट खाना खर्च मगाई खानाको जोहो आफैले गर्नु परेको पीडा उल्लेख गरेकी छिन।

जनकपुर उप महानगरपालिका माईती भएकी आरतीको राजविराज ३ निवासी नवीनसँग २०७७ साल मंसिर २१ गते धुमधामका साथ हिन्दु रितीरिवाज अनुसार विवाह सम्पन्न भएको थियो। तर, थप दाईजोको मागका लागी आरती र माईती पक्षलाई दवाव बढाँउदै लगेपछी आन्तरिक कलह बढ्दै गएको थियो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# हिमाल र पहाड खाली हुँदै, तराईमा बढ्यो जनसंख्याको चाप

काठमाडौँ, १० चैत (रासस)।

नेपालको संविधानले महिलालाई अधिकार सम्पन्न बनाएपछि सम्पत्तिमा समेत उनीहरूको स्वामित्व क्रमशः वृद्धि हुँदै गएको पाइएको छ।

राष्ट्रिय जनगणना २०७८ को विवरणअनुसार कूल २३ दशमलव आठ प्रतिशत परिवारमा महिलाको नाममा घर जग्गा रहेको पाइएको छ। जुन २०६८ को तुलनामा एक दशमलव एक प्रतिशतले बढी हो।

देशभर कूल ६६ लाख ६६ हजार नौ सय ३७ परिवार सङ्ख्या रहेको छ। आवासीय घर भने कूल ६६ लाख ६० हजार आठ सय ४१ रहेको छ। त्यसमध्ये घर तथा आवासीय इकाइको स्वामित्वमा समेत महिलाको सहभागितामा वृद्धि भएको छ। कूल ३१ दशमलव ५५ प्रतिशत परिवारमा परिवारमूली महिला रहेको छ। जुन, २०६८ को तुलनामा पाँच दशमलव ८२ प्रतिशत बढी हो।

कूल दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ जनसङ्ख्या रहेकामा महिलाको सङ्ख्या एक करोड ४९ लाख ११ हजार २७ जना महिला छन्।

त्यस्तै, एक करोड ४२ लाख ५३ हजार पाँच सय ५१ पुरुष छन्। लैङ्गिक अनुपातमा हेर्दा कूल एक सय जना महिलामा पुरुषको सङ्ख्या ९५ दशमलव ५९ छ। विसं २०६८ को कूल जनसङ्ख्या दुई करोड ६४ लाख ९४ हजार पाँच सय चार रहँदा त्यस्तो लैङ्गिक अनुपात ९४ दशमलव १६ थियो।

**हिमाल र पहाड खाली हुँदै, तराईमा बढ्यो चाप**

जनगणनाको विवरणअनुसार हिमाली तथा पहाडी क्षेत्रमा जनघनत्व क्रमशः कम हुँदै गएको पाइएको छ। तराईमा प्रतिवर्गकिलोमिटर चार सय ६० बराबरको जनघनत्व रहँदा हिमाली क्षेत्रमा ३४ जना प्रतिवर्गकिलोमिटर रहेको छ। मनाङमा प्रतिवर्गकिलोमिटर तीनजना बराबरको मात्रै जनघनत्व रहेको छ। काठमाडौँ उपत्यकामा प्रतिवर्गकिलोमिटर पाँच हजार एक सय ६९ बराबरको जनघनत्व छ।

प्राप्त विवरणअनुसार सबैभन्दा बढी जनसङ्ख्या काठमाडौँ जिल्लामा रहेको छ। यस जिल्लामा कूल २० लाख ४१ हजार पाँच सय ८७ जनसङ्ख्या छ। मनाङमा कूल पाँच हजार छ सय ५८ जनाको अक्सर बसोबास रहेको छ। मोरङ, रुपन्देही, झापा र सुनसरीमा सबैभन्दा बढी जनसङ्ख्याको चाप परेको छ।

यस्तै, मुस्ताङ, डोल्पा, रसुवा, हुम्लामा भने जनसङ्ख्या कम रहेको छ। तराई कूल जनसङ्ख्याको ५३ दशमलव ६१ प्रतिशत जनसङ्ख्या रहेको छ। त्यो भनेको तराई क्षेत्रमा मात्रै एक करोड ५६ लाख ३४ हजार छजनाको बसोबास रहेको छ। पहाडमा ४० दशमलव ३१ प्रतिशत अर्थात् एक करोड १७ लाख ५७ हजार छ सय २४ बराबरको बसोबास छ। हिमाली क्षेत्रमा छ दशमलव शून्य आठ प्रतिशत अर्थात् १७ लाख ७२ हजार नौ सय ४८ को बसोबास छ।

दश वर्षपहिले तराईमा ५० दशमलव २७ प्रतिशत, पहाडमा ४३ दशमलव शून्य एक प्रतिशत र हिमाली क्षेत्रमा छ दशमलव ७३ प्रतिशत जनसङ्ख्याको बसोबास थियो। अक्सर हाल बसोबास गरिरहेका गाउँपालिका र नगरपालिकाबाट अर्को स्थानमा कहिल्यै बसावास नगरेका व्यक्तिहरू ६८ प्रतिशत छन्। कूल जनसङ्ख्याको १० दशमलव आठ प्रतिशत व्यक्तिले यसअघि बसोबास गरेको स्थानबाट अर्को गाउँपालिका वा नगरपालिकामा बसाईंसराइ गरेका छन्। १८ दशमलव दुई प्रतिशत जनसङ्ख्या अर्को जिल्लामा र तीन दशमलव एक प्रतिशत बराबर जनसङ्ख्या भने विदेश पलायन भएको छ। कूल ९३ लाख ४१ हजार चार सय आठजनाले बसाईंसराइ गरेको पाइएको छ।

यसअघिको बसोबास गरेको स्थानबाट बसाईंसराइ गर्नुको खास कारण भने काम रोजगारी, व्यापार-व्यवसाय, अध्ययन, तालिम, आश्रित, प्राकृतिक प्रकोप, कृषिलगायत छन्।

**परम्परागत ऊर्जामा नै आश्रित**

सरकारले स्वच्छ ऊर्जाको विकास र विस्तारमा जोड दिएको भए पनि खाना पकाउनका लागि अझै पनि परम्परागत ऊर्जामा निर्धर रहने जनसङ्ख्याको हिस्सा ठूलो रहेको छ। देशका कूल परिवारमध्ये आधाभन्दा बढी अर्थात् ५१ प्रतिशत परिवारले खाना पकाउन काठदाउरा प्रयोग गर्ने गरेका छन्। खान पकाउन एलपी ग्यासका प्रयोग गर्नेहरू ४४ दशमलव तीन प्रतिशत बराबर छन्। बिजुलीको प्रयोग गर्ने शून्य दशमलव पाँच, गुईंठा प्रयोग गर्ने दुई दशमलव नौ, बायोग्यास प्रयोग गर्ने एक दशमलव दुई, मट्टीतेल प्रयोग गर्ने शून्य दशमलव शून्य पाँच र अन्य इन्धनको प्रयोग गर्नेहरू शून्य दशमलव एक प्रतिशत बराबर छन्। दश वर्षपहिले ६४ प्रतिशतले खाना पकाउन अक्सर दाउराको प्रयोग गर्ने गरेका थिए। यसमा केही कमी आए पनि अझै परम्परागत ऊर्जामा आश्रित हुनेको सङ्ख्या आधारभन्दा बढी रहेको छ।

**बिजुली विस्तारमा फड्को**

सबै घरपरिवारमा बिजुली पुऱ्याउने सरकारको लक्ष्य क्रमशः पूरा हुने चरणमा पुगेको छ। कूल ९२ दशमलव दुई प्रतिशत घरपरिवारमा बत्ती बाल्नका लागि बिजुलीको प्रयोग भएको पाइएको छ। आफू बसोबास गरेको घर तथा आवासीय इकाइमा बत्ती बाल्न मानिसले बिजुली प्रयोग गरेका छन्।

दश वर्षपहिले बिजुली प्रयोग गर्ने परिवार मात्रै ६७ दशमलव तीन प्रतिशत मात्रै थिए। बत्ती बाल्न सोलार, सौर्य ऊर्जा प्रयोग गर्ने परिवार छ दशमलव छ प्रतिशत छन्। यस आधारमा हेर्दा स्वच्छ ऊर्जाको पहुँच ९८ दशमलव आठ प्रतिशत बराबर हुन पुगेको। मट्टीतेल र अन्य इन्धन प्रयोग गर्ने परिवार एक प्रतिशतभन्दा कम रहेको छ।

# पवित्र रमजान सुरु

महोत्तरी, १० चैत (रासस)।

इस्लाम परम्पराको एकमहिने रमजान 'रोजा' (ब्रत) सुरु भएको छ। हिजरी (उर्दू) संवत्को 'सवान' महिना अन्त्य हुनुसँगै बिहीबार साँझ चन्द्रमा देखिएपछि इस्लाम धर्मगुरु मोल्वी, मौलानाले तत्कालै 'तराबी' नमाज (प्रार्थना) गरेर यस वर्षको रमजान अब सुरु भएको बताएका हुन्। 'सवान' महिना सकिनासाथ पहिलो पटक चन्द्रमा देखिएपछि तत्काल 'तराबी' नमाज (विशेष प्रार्थना) गरेर भोलिपल्टदेखि रमजान सुरु हुने इस्लाम परम्परा छ। सोअनुसार बिहीबार साँझ 'तराबी' सम्पन्न गरेका इस्लाम धर्मावलम्बीले शुक्रबार 'रोजा' सुरु गरेका हुन्।

हिजरी संवत् परम्परामा चन्द्र उदयको गणनाले महिना प्रारम्भ हुन्छ। यसअनुसार 'सवान' सकिएपछि बिहीबार साँझ चाँद (चन्द्रमा) देखिएको हुँदा रमजान महिना शुक्रबार प्रारम्भ भएको महोत्तरीको भङ्गाहा-४ का बासिन्दा ८५ वर्षीय हाजी (मक्का मदिना पुगेर विशेष धार्मिक अनुष्ठान पूरा गरेका इस्लाम धर्मावलम्बीलाई दिइने उपाधि) बिहारी अन्सारी बताउनुहुन्छ।

इस्लाम धर्मावलम्बीले गए राति मस्जिद (धार्मिक प्रार्थनास्थल) मा 'तराबी' नमाज गर्दै यस वर्षको रमजान शरिफको 'रोजा' (ब्रत) सुरु गरेका हुन्। इस्लाम परम्परामा अत्यन्त पवित्र मानिएको रमजान महिनामा दिनभरि अन्नजल केही नखाइ एक महिनासम्म 'रोजा' (ब्रत) गर्ने परम्परा छ।

नेपाल भारतको हकमा 'बुखारे शरिफ' (भारतको दिल्लीस्थित सांस्कृतिक परम्पराको निर्णय दिने अधिकार सम्पन्न धार्मिक निकाय) को निर्णयअनुसार पर्व निर्णय गरिँदै आएअनुरुप गएराति चन्द्रमा देखिएकाले शुक्रबार 'रोजा' सुरु गरिएको नेपाली मुसलमानको भनाइ छ।

नेपाल र भारतका अधिकांश ठाउँमा 'द बुखारे शरिफ' को निर्णयअनुसार शुक्रबार रोजा सुरु भएको जलेश्वरस्थित दारुल उलुम कादरिय रसिदिया मदर्साले जनाएको छ। रमजान महिना इस्लाम परम्परामा अत्यन्त पवित्र मानिन्छ। रमजान महिनामै पवित्र धर्मग्रन्थ 'कुरान' पृथ्वीमा आएकाले यो महिनामा गरिने ब्रत (रोजा) अत्यन्त पुण्यदायक हुने इस्लाम मान्यता छ।

बालक, वृद्ध, अशक्त बिरामीबाहेकका सबै मुसलमानले ब्रह्मचर्यमा रही रोजा गर्नुपर्ने मान्यता छ। बिहान सूर्योदयको एक घडी अगाडिदेखि सूर्यास्तको एक घडी पछिसम्म अन्न पानी केही नखाइ दिनहुँ नमाज पढेर यो ब्रत गरिन्छ। एकमहिने रोजा सम्पन्न भएसँगै हिजरी संवत्को 'सव्वाल' महिना सुरु हुने र त्यसै दिन इद-उल-फित्र पर्व मनाउने गरिन्छ। यो पर्व इस्लाम परम्परामा मुख्य पर्व मानिन्छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**


# विश्व समाचार

## ड्रोन आक्रमणमा अमेरिकी ठेकेदार मारिए

वासिङ्टन, १० चैत (रासस/एएफपी)।

उत्तरपूर्वी सिरियास्थित अमेरिकी आधार शिविरमा बिहीबार भएको ड्रोन आक्रमणमा एक जना अमेरिकी ठेकेदारसहित पाँच जना अमेरिकी सेनाका सदस्य घाइते भएका छन्। आक्रमणमा अर्का एक जना ठेकेदार पनि घाइते भएका अमेरिकी रक्षा मन्त्रालयले बिहीबार राति बताएको छ।

इस्लामिक स्टेटका चरमपन्थीविरुद्धको कारबाहीका निम्ति गठबन्धन सेनासँग सहकार्य गरिरहेको अमेरिकी सेनाका सदस्यलाई आवश्यक राशनपानीलगायत अन्य सरसामान आपूर्ति गर्ने ठेकेदार आक्रमणमा मारिएको उक्त मन्त्रालयले एक विज्ञप्ति निकालेर बताएको हो। अमेरिकी गुप्तचर अधिकारीले उक्त आक्रमण इरानमा निर्मित ड्रोनबाट भएको बताएका छन्।

यसैबीच, सिरियाको हस्काह समीप अवस्थित गठबन्धन सेनाको शिविरमा भएको आक्रमणको प्रतिकारमा अमेरिकी सेनाले हवाई आक्रमण गरेको छ। रक्षामन्त्री लोयड अस्टिनले राष्ट्रपति जो बाइडेनको निर्देशनमा इरानको इस्लामिक रिभोलुस्नरी गार्डस् कर्प्ससँग सम्बद्ध समूहले प्रयोग गर्दै आएको स्थानमा हवाई हमला गरिएको बताउनुभएको छ।

## ट्रम्प पक्राउ परेका र पुटिनलाई जेल हालिएका झूटा तस्बिर सामाजिक सञ्जालमा छापछापति

न्युयोर्क, १० चैत (रासस/एपी)।

अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पलाई पक्राउ गरिएका तथा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई कारागारमा हालिएका झूटा तस्बिरले सामाजिक सञ्जाल भरिएका छन्।

केही दिनदेखि सञ्जालमा छापछापति भएका ती तस्बिर उपकरण अर्थात् 'आर्टिफिसियल इन्टेलिजेन्स' प्रयोग गरेर बनाइएका हुन्। पूर्वराष्ट्रपति ट्रम्प स्वयम्ले यो साताको प्रारम्भमा आफू पक्राउ पर्नसक्ने बताएपछि उहाँलाई सुरक्षाकर्मीले घेरेर नियन्त्रणमा लिएका तस्बिरले सामाजिक सञ्जाल भरिएका हुन्।

नेदरल्याण्डस्को हेगस्थित अन्तरराष्ट्रिय फौजदारी अदालतले युक्रेन युद्धमा मानवताविरुद्ध अपराधमा दोषी ठहर गर्दै राष्ट्रपति पुटिनलाई पक्राउ गर्न पूर्जी जारी गरेपछि उहाँलाई कारागारमा हालिएका अवास्तविक तस्बिर र भिडियो सामाजिक सञ्जालमा 'अपलोड' गरिएका हुन्।

नक्कली तस्बिर, भिडियो र गलत सूचना प्रवाहले समाजमा नकारात्मक प्रवृत्तिलाई प्रश्रय दिने गलत सूचनासम्बन्धी जानकारहरूले बताएका छन्। काल्पनिक विषयले तथ्यलाई दबाउनु असामाजिक कार्य भएको उनीहरूले टिप्पणी गरेका छन्।

मिथ्या समाचार र तस्बिरले सङ्कटका बेला थप आपत निम्त्याउने तथा निन्दनीयताको स्तर बढाउने सियाटलस्थित वासिङ्टन विश्वविद्यालयका प्राध्यापक जेभिन वेस्ट बताउनुहुन्छ। मिथ्या तस्बिर र समाचारले दर्शक तथा पाठकको ध्यान ती सामग्रीमा नै केन्द्रित गर्ने र त्यसले वास्तविकता छोपिने उहाँको तर्क छ। उहाँका अनुसार यस्ता गतिविधिले प्रणालीप्रतिको विश्वास गुम्नेछ। उपकरण प्रयोग गरेर बनाइएका तस्बिर यथार्थवादी भए पनि दर्शकले आफ्नो बिबेक गुमाउन नहुने उहाँ बताउनुहुन्छ।

## फ्रान्समा निवृत्तिभरण सुधारविरुद्ध राष्ट्रव्यापी प्रदर्शन

पेरिस १० चैत (रासस एएफपी)।

राष्ट्रपति इम्यानुल म्याक्रोँले अघि सार्नुभएको निवृत्तिभरण सुधारसम्बन्धी योजनाविरुद्धको विरोध प्रदर्शन अझ चर्कने सङ्केत देखापरेको छ।

अलोकप्रिय पेन्सन सुधारविरुद्ध बिहीबार देशभर भएका विरोध प्रदर्शनमा दश लाखभन्दा बढी सहभागी भएका थिएभने आगामी साता बेलायतका राजा चार्ल्स तृतीयको भ्रमणको समय पारेर राष्ट्रव्यापी हडताल र विरोध प्रदर्शनका निम्ति आह्वान भएको छ।

राष्ट्रपतिले म्याक्रोँले अघि सार्नुभएको सेवानिवृत्तिको उमेरप्रति फ्रान्सेली क्रुद्ध भएका छन्। उहाँले 'रिटायर' हुने विद्यमान ६२ वर्षको उमेर हदलाई बढाएर ६४ पुऱ्याउने विधेयक प्रस्ताव गर्नुभएको छ। भारी मतले सदनले अनुमोदन गरेको उक्त विधेयक संसदीय समितिमा विचाराधीन छ। उक्त समितिले अन्तिम मस्यौदा तयार गरेर पुनः सदनमा प्रस्तुत हुनेछ।

यसैबीच, बिहीबारको राष्ट्रव्यापी विरोधप्रदर्शनका क्रममा चार सय ५७ जना पक्राउ परेका तथा चार ४१ जना घाइते भएका गृहमन्त्री गेराल्ड डर्मानिनले बताउनुभएको छ। राजधानी पेरिसमा ठूलो प्रदर्शन भएको तथा धेरै स्थानमा टायर बालेर विरोध गरिएको उहाँले जानकारी दिनुभएको छ।

# नेपाल शिक्षक संघ मधेश प्रदेशको दोश्रो अधिवेशन शुरु




**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

राजविराजमा शुक्रबारदेखी नेपाल शिक्षक संघ मधेश प्रदेशको दोश्रो प्रदेश अधिवेशन शुरु भएको छ ।

“शिक्षकको मर्यादित पेशा, विद्यार्थीलाई जीवनोपयोगी शिक्षा” नाराका साथ सुरु भएको अधिवेशनमा प्रदेश अन्तर्गतका ८ वटै जिल्लाका शिक्षक संघका प्रतिनिधि सहभागीता रहेको छ ।

अधिवेशनको उद्घाटन गर्दै प्रमुख अतिथि नेपाल शिक्षक संघका संघीय अध्यक्ष राजेन्द्र राज पौडेलले शिक्षकका पेशागत अधिकार सुनिश्चित हुनुपर्नेमा जोड दिए ।

शिक्षकको पेशागत अधिकार सुनिश्चित भए शैक्षिक विकास र लोकतन्त्र प्रतिको आस्थामा समेत बृद्धि हुने भन्दै राज्यले यसतर्फ ध्यान दिनुपर्ने बताए ।

चुनावी अधिवेशन समेत भएकाले तीन दिनसम्म चल्ने अधिवेशनले अगामी ४ वर्षेका कार्यकालका लागि नयाँ नतृत्वको चयन गर्ने तथा घोषणा पत्र सार्वजनिक गर्ने संघका जिल्ला अध्यक्ष नारायण यादवले जानकारी दिए ।

संघको मधेश प्रदेशका अध्यक्ष मेघनाथ यादवको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा संघका संघीय वरिष्ठ उपाध्यक्ष एमवी भुसाल, गगंगाप्रसाद यादव, महासचिव सोमनाथ गिरी, लक्ष्मी किशोर सुवेदी, उपमहासचिव परशुराम यादव, नेपाली काँग्रेस सप्तरीका उपसभापति रामकुमार यादव, सचिव प्रभुनारायण चौधरी लगायतले पनि शुभकामना दिदै शैक्षिक गुणस्तर सुधार्न विद्यालयहरुको भौतिक अवस्थामा सुधार तथा विद्यार्थीलाई शैक्षिक सत्र शुरु भए लगतै समयमै पाठयपुस्त उपलब्ध गराउनुपर्नेमा जोड दिएका थिए ।

# हरवा चरवाको पुर्नस्थापना बिषयक अन्तरक्रिया सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

प्रधानमन्त्रीको बिशेष सन्देश र हरवा चरवाको पुर्नस्थापना बिषयक एक दिने अन्तरक्रिया शुक्रवार सप्तरीको रुपनी गाउँपालिकामा सम्पन्न भएको छ ।

द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रद्वारा आयोजित अन्तरक्रियाका बक्ताहरुले सरकारद्वारा घोषित हरवा चरवा मुक्तिको घोषणा कार्यान्वयनका लागि तीनै तहको सरकारबाट पहल हुनुपर्नेमा जोड दिएका छन् ।

कार्यक्रममा रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले प्रधानमन्त्रीबाट भएको हरवा चरवा मुक्तिको घोषणालाई कार्यान्वयनका लागि आफ्नो पालिका प्रतिबद्ध रहेको बताउनुहुँदै यसका लागि सबै पक्षको सहयोग आवश्यक रहेको बताए ।




हरवा चरवाहरुको पुर्नस्थापना र उहाँहरुको भावी सन्ततिको उज्वल भबिष्यका लागि सबै पक्षले ठोस योजना र कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुहुँदै अध्यक्ष यादवले हरवा चरवामाथि कुनै किसिमको बिभेद हुन नदिन प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा हरवा चरवा परिवारका सदस्यहरुले हरवा मुक्तिको घोषणा भएपनि कार्यान्वयनमा नआउँदा आफुहरु समस्यामा रहेको बताउँदै सरकारले पुर्नस्थापनाको गरेपनि अझै आफुहरु उठिबासको समस्या भोग्नु परिरहेको बताएका छन् ।

सो अवसरमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रका टिम लिडर बिनोदानन्द चौधरीले हरवा चरवा पुर्नस्थापना कार्यबिधि २०७९ अनुसार हरवा चरवाहरुको लागत सङ्कलन गर्नुपर्ने उल्लेख गर्नुहुँदै त्यसका लागि स्थानीय सरकारले ठोस योजना अघि सार्नुपर्ने बताए ।

श्रीपर्राज सामुदायिक बिकास केन्द्रका सहजकर्ता पुनम चौधरीद्वारा सञ्चालित कार्यक्रममा श्रीपर्राज सामुदायिक विकास केन्द्रका कार्यक्रम संयोजक लालुप्रसाद रामले हरवा चरवा परिवारको आर्थिक उन्नति र सशक्तिकरणका लागि द फ्रिडम फण्डको सहयोगमा जिल्लाको रुपनी गाउँपालिकासहित शम्भुनाथ नगरपालिका, डाक्नेश्वरी नगरपालिका र बोदे बसाईन नगरपालिका गरी चार वटा पालिकामा कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी गराए ।

उहाँले बर्षौंदेखि तराई मधेशका जिल्लामा देखिएको हरवा चरवा मुक्तिको तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाले घोषणा गरेसँगै पुर्नस्थापनाका लागि सबै पक्ष एकजुट हुनपर्ने उल्लेख गरे ।

यसअघि बिहीवार द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक बिकास केन्द्रले सप्तरीको बोदे बर्साईन नगरपालिकामा पनि प्रधानमन्त्रीको बिशेष सन्देश र हरवा चरवाको पुर्नस्थापना बिषयक एक दिने अन्तरक्रिया आयोजना गरेको थियो ।

# मिटरब्याजी पीडितको समस्या समाधान गर्न सरकारद्वारा पहल

काठमाडौँ, १० चैत (रासस) ।

मिटरब्याजीविरुद्ध आन्दोलनरत किसानको समस्या समाधान गर्न सरकारले पहल थालेको छ ।

महोत्तरीको बर्दिवासदेखि काठमाडौँसम्मको यात्रामा निस्किएका मिटरब्याजी पीडित किसानका समस्या समाधान गर्न तथा घर फर्किन गृहसचिवमार्फत प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले निर्देशन दिनुभएको उहाँका प्रेस संयोजक सूर्यकिरण शर्माले जानकारी दिनुभयो ।

सोही निर्देशनबमोजिम मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले किसानसँग छलफल गरी सरकार कानुन बनाउने काममा लागेको र मिटरब्याजीविरुद्ध सरकारले मुद्दासमेत चलाइरहेको उल्लेख गर्नुभयो ।

घर फर्किन आवश्यक सहयोग गर्नेसमेत उहाँले प्रतिबद्धता व्यक्त गर्नुभएको छ । प्रजिअ पाण्डेसँगको छलफलमा पीडित किसानले आफूहरू एउटा अभियानमा भएको र कानुन नबन्दासम्म नफर्कने बताए । किसानले सो अवसरमा काठमाडौँसम्मको यात्राका लागि आफूहरूलाई चिसो हुने र कम्बलको व्यवस्था गर्न तथा सवारी साधनको प्रबन्ध मिलाउन आग्रह गरेका थिए । प्रजिअ पाण्डेले किसानलाई कम्बलको व्यवस्था गर्नुभएको छ ।

पीडित किसानको समस्या समाधान गर्न गृहमन्त्रालयले कानुन बनाउनका निम्ति मस्यौदा बनाएर कानुन मन्त्रालयमा पठाइसकेको प्रधानमन्त्री दाहालका प्रेस संयोजक शर्माले बताउनुभयो । सरकारले तीन सय ५० मिटरब्याजीलाई कारबाही गरिसकेको छ । “शुक्रबार मात्रै प्रधानमन्त्रीले कानुन सचिवलाई कानुनलाई प्रस्तावको रुपमा शुक्रबार अपराह्न बस्ने मन्त्रिपरिषद्मा ल्याउन र संसद्मा दर्ता गर्न भनिसक्नुभएको छ । चाँडै नै त्यो कानुन संसद्मा दर्ता हुन्छ । प्रधानमन्त्री मिटरब्याजी पीडित किसानको समस्या समाधान गर्न गम्भीर हुनुहुन्छ”, प्रेस संयोजक शर्माले भन्नुभयो ।

# उपनिर्वाचनका लागि दल दर्ता गराउने लोसपाको निर्णय

काठमाडौँ, १० चैत (रासस) ।

लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल (लोसपा)ले आगामी वैशाख १० गते हुने उपनिर्वाचनका लागि निर्वाचन आयोगमा आफ्नो दल दर्ता गराउने निर्णय गरेको छ ।

पार्टीको कार्यकारिणी समितिको बैठकले उपनिर्वाचनका लागि निर्वाचन आयोगमा दल दर्ता गराउने निर्णय गरेको पार्टीका कार्यकारिणी समिति सदस्य केशब झाले जानकारी दिनुभयो ।

उपनिर्वाचनका लागि निर्वाचन आयोगमा दल दर्ता गराउने, बारा क्षेत्र नं २ मा उम्मेदवारी दिने तथा दुई मन्त्रालयसहित सम्मानजनकरुपमा सरकारमा सहभागी हुने निर्णयसमेत गरीएको उहाँले बताउनुभयो । उपनिर्वाचनका लागि निर्वाचन आयोगले दल दर्ताका लागि आह्वान गरिसकेको छ ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

**डढेलोबाट बचौं र बचाऔं ।**
- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोवाट आफू पनि वचौं र अरुलाई पनि बचाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*